# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/४/०७७/७८ मितिः- २०७७/११/१९

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित सबै संस्थाहरु ।

विषयः **अ.प्रा.निर्देशन नं. ५/०७७ मा संशोधन गरिएको सम्बन्धमा** ।

महाशय,

यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थालाई मिति २०७७/०५/११ मा जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७७ को अ.प्रा. निर्देशन नं. ५/०७७ को बुँदा नं. १ को १.२ मा देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१.२ मोबाइल तथा इन्टरनेट बैंकिङको माध्यमबाट गरिने भुक्तानी कारोबार सम्बन्धमा ।**

मोबाईल तथा इन्टरनेटद्वारा गरिने कारोबारको अधिकतम सीमा देहाय बमोजिम हुनेछ :-

| क्र.स. | उपकरण | प्रतिदिन (रु.) |
|---|---|---|
| १. | मोवाईल बैंकिङ | २ लाख |
| २. | इन्टरनेट बैंकिङ (Merchant Payment) | २० लाख |
| ३. | इन्टरनेट बैंकिङ (Account Transfer) | २० लाख |

तर, देहायको अवस्थामा उपर्युक्त अधिकतम सीमा सम्बन्धी व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

(क) कुनै व्यक्तिको नाममा बैंक तथा वित्तीय संस्थामा रहेको एउटा खाताबाट सोही व्यक्तिको नाममा सोही संस्थामा रहेको अर्को खातामा रकम रकमान्तर गर्न ।

(ख) नेपाल सरकारको सम्बन्धित कार्यालयमा भुक्तानी गर्नुपर्ने कर, राजस्व, जरिवाना, सवारी दस्तुर, रजिष्ट्रेशन तथा सेवा शुल्क जस्ता विविध शुल्क भुक्तानी गर्न ।

(ग) विद्युत सेवा, दूरसञ्चार सेवा, खानेपानी सेवा, बीमा प्रिमियम, सामाजिक सुरक्षा भत्ताको रकमको भुक्तानी गर्न ।

(घ) शिक्षण संस्था (विद्यालय/कलेज), स्वास्थ्य संस्था (Hospital/Nursing Home, Diagnostic Centre), हवाई सेवा, यातायात सेवा र होटल तथा रेष्टुरेन्ट सेवा कारोबारको भुक्तानी गर्नुपर्ने बील बमोजिमको रकम भुक्तानी गर्न ।

(ङ) धितोपत्र व्यवसाय गर्न अनुमतिपत्रप्राप्त धितोपत्र दलालहरुसँग धितोपत्रहरुको कारोबार बापत तोकिएको बैंक खातामा रकमको भुक्तानी गर्न ।

(च) यस बैंकबाट अनुमती प्राप्त भुक्तानीका विशेष उपकरण ।

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

भुक्तानी सम्बन्धी कारोबारको जोखिम मूल्याङकन र व्यवस्थापन गर्ने जिम्मेवारी अनुमतिपत्रप्राप्त सम्बन्धित संस्थाहरुको हुने भएकोले संस्थाहरुले यसमा आ-आफ्नो जोखिमको स्तरलाई आधार मानी आन्तरिक सीमा कायम गर्न सक्नेछन ।

भवदीय,

(निश्चल अधिकारी)

का.मु. कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग
९. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरु ।